# नेपाल प्रहरीका पूर्वप्रहरी महानिरीक्षक खड्गजित बरालको निधन

**काठमाडौं/हिटा ।** नेपाल प्रहरीका पूर्वप्रहरी महानिरीक्षक खड्गजित बरालको ९३ वर्षको उमेरमा निधन भएको छ । उहाँको मंगलबार बेलुका महाराजगञ्जस्थित घरमै निधन भएको पारिवारिक स्रोतले जानकारी दिएको छ ।



नेपाली कांग्रेसको मुक्ति सेना नेपाल प्रहरीमा समायोजन हुने क्रममा उहाँ निरीक्षकका रूपमा सेवा प्रवेश गर्नुभएको थियो । उहाँकै कार्यकालमा महाराजगञ्जमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान स्थापना भएको हो । २०२९ देखि ०३५ सम्म महानिरीक्षकको जिम्मेवारी सम्हाल्नुभएका उहाँ सेवा निवृत्तपछि राष्ट्रिय पञ्चायत सदस्य र केही समय बर्माका लागि राजदूतको जिम्मेवारीमा समेत रहनुभएको थियो । पूर्व-प्रहरी महानिरीक्षक बरालको जन्म विक्रम सम्वत १९८५ वैशाख ५ मा नवलपरासीको देवचुली चुली बोझामा भएको थियो । उहाँको बुधबार दिउँसो पशुपति आर्यघाटमा अन्त्येष्टि गरिएको छ । नेपाल प्रहरीले उहाँको अन्त्येष्टि अगाडि अन्तिम सलामी दिएको थियो ।

## प्रधानमन्त्रीको ...

« पृष्ठ १ बाट क्रमशः

अवस्थामा वैकल्पिक सरकार गठनका लागि अन्य दलसँग छलफल गर्न कांग्रेस खुल्ला रहेको धारणा राख्नुभयो ।

त्यस्तै, बैठकले कोरोना महामारीबाट जनताको ज्यान जोगाउन सरकार गम्भीर नभएको निष्कर्ष निकालेको छ । नेपालमा कोरोना महामारीको विषयमा सरकार र प्रधानमन्त्रीले गरेको गलत विश्लेषणकै कारण जनताले ज्यान गुमाउनुपरेको कांग्रेस प्रमुख सचेतक खाँणले बताउनुभयो ।

महामारीका समयमा जनताको जीवनरक्षा गर्नु सरकारको प्रमुख दायित्व भए पनि सरकार र सरकारका मन्त्रीहरू गम्भीर नभएको र भ्रष्टाचारका कुरा बाहिर आउनु दुखद भएको खाँणले उल्लेख गर्नुभयो । कांग्रेसले सबै नागरिकलाई कोरोना खोपको प्रबन्ध छिटोभन्दा छिटो उपलब्ध गराउन पनि सरकारको ध्यानाकर्षण गरेको खाँणले जानकारी दिनुभयो ।

बैठकले कोरोना रोक्नका लागि अन्तर्राष्ट्रिय निकायले गरेको सहयोगप्रति धन्यवाद दिँदै आगामी दिनमा पनि थप सहयोगको अपेक्षा र आह्वान गरेको छ । त्यस्तै, कोरोना उपचारका लागि फ्रन्टलाइनमा बसेका व्यक्तिहरूप्रति पनि बैठकले धन्यवाद दिएको छ । कोरोना महामारीमा अप्ठेरो अवस्थामा परेको क्षेत्रलाई राहत दिन प्याकेज ल्याउन बैठकले सरकारको ध्यानाकर्षण गराएको कांग्रेस प्रमुख सचेतक खाँणले बताउनुभयो ।

## विवाद ...

« पृष्ठ १ बाट क्रमशः

जसपा पक्षका नेताहरू अहिले सहमति उल्लंघनको प्रयास भएको बताउँछन् । एकताका समयमा नै महन्थ र उपेन्द्रलाई अध्यक्ष बनाउने डा. बाबुराम भट्टराईलाई संघीय परिषद अध्यक्ष र महातोलाई दलको नेता बनाउने सहमति भएको बताइन्छ । अहिले सो सहमति पालना नभएकाले बहुमत सांसदको उपस्थितिमा दलको नेता चयन गरिएको ठाकुरनिकट एक नेताले हिमालय टाइम्सलाई बताउनुभयो । यता, यादवनिकट नेता मोहम्मद इस्तियाक राई संसदीय दलको नेता चयनमा सहमति नभएको र अहिले पनि नरहेको बताउनुहुन्छ । अध्यक्षद्वयबीच भएको सहमतिले पार्टी एकता जोगाउने प्रयास गरे पनि बाँकी निर्णय कार्यकारिणी समितिले गर्ने उहाँले जानकारी दिनुभयो । उहाँले नेता छनोटको प्रक्रिया सुरु नभएको, संसदीय दलको विधान नबनेको र विधानलाई कार्यकारिणी समितिले अनुमोदन नगरी लागू पनि नहुने बताउनुभयो । तर, ठाकुर पक्षले भने संसदीय दलको विधान बनिसकेको र त्यही विधानअनुसार संसदीय दलको नेता छनोट भएको भन्दै निर्णय सच्याउन खोजे पार्टीमा पुनः समस्या आउने चेतावनी दिएको छ ।

## तेस्रो ...

« पृष्ठ १ बाट क्रमशः

अब त्यो सम्भव नहुने महतोनिकट एक नेताले हामीलाई बताउनुभयो । एकतादेखि नै महतोको भूमिकालाई कमजोर पार्ने प्रयास भए पनि अब त्यो मान्य नहुने तीन नेताको भनाइ छ । दलको नेता महतोलाई चयन नगरिए कुनै पनि हालतमा मान्य नहुने पनि उहाँले सुनाउनुभयो । २०७८ वैशाख २९ गते बहुमत सांसदहरूले पार्टीको विधान पारित गरेको र त्यसको दुईदिनपछि महतोलाई दलको नेता चयन गरिएको ठाकुरनिकट नेताहरूको दाबी छ । पार्टी अध्यक्ष ठाकुरको अध्यक्षतामा पार्टी कार्यालय बबरमहलमा भएको संसदीय दलको बैठकबाट दलको विधान पारित गरेर नै बहुमत सांसदले हस्ताक्षर गरेर दलको नेतामा महतोलाई चयन गरिएको ठाकुरनिकट एक सांसदले दाबी गर्नुभयो ।

## जसपा ...

« पृष्ठ १ बाट क्रमशः

सांसद भएको दाबी गरेका छन् । महतोलाई दलको नेता चयन गर्ने विषयमा दुई अध्यक्षको हस्ताक्षर हुनुपर्ने भए पनि त्यसो नभएको र यो एकपक्षीय निर्णय भएको पूर्व-समाजवादी पार्टीका नेताहरूको भनाइ छ । मंगलबार दुई अध्यक्षबीच भएको सहमतिमा पनि सो विषयमा छलफल भएको छैन ।

## विवाद समाधान ...

« पृष्ठ १ बाट क्रमशः

बाट बजेट आउने समय पनि भएकाले जसपाको यो विवादलाई अर्थपूर्ण रूपमा हेरिएको छ । दुई अध्यक्षहरूले संयुक्त वक्तव्य निकाल्दै सरकारमा नजाने, आफ्नै नेतृत्वमा सरकार बन्ने अवस्था आए अग्रसरता लिने निर्णय गरेको थियो । तर, त्यसपछिका घटनाक्रमले पार्टी फेरि विभाजित देखिएको छ । यस्तो अवस्थामा जसपा फुटेमा वा विभाजित अवस्थामै रहे पनि प्रधानमन्त्री ओलीले नै फाइदा लिन सक्ने देखिन्छ ।

ठाकुर पक्ष सरकारमा जान तयार नभए पनि बजेट पास गर्नसम्म ओलीलाई सहयोग गर्ने पक्षमा छ । यदि यस्तो अवस्था आएमा बजेट आएलगत्तै प्रधानमन्त्री ओलीले संसद् विघटन गर्न सक्ने त्रास अन्य दलहरूमा छ । अहिले माओवादीबाहेकका शक्तिहरू अर्ली इलेक्सनको पक्षमा रहेका कारण जसपाको निर्णायक भूमिकाले संसद्को भविष्य कस्तो हुने भन्ने निर्क्योल गर्ने विश्लेषकहरू बताउँछन् । जसपाभित्र देखिएको पछिल्ला घटनाक्रमले स्वयं जसपा र संसद्को भूमिकामाथि अनेक प्रश्नहरू उठेका छन् । जेठ ८ र ९ गतेलाई बोलाइएको कार्यकारिणी समितिको बैठकले नै एकता वा विभाजनबारे निर्णय दिनसक्ने बताइन्छ । सो बैठकले संसद्, सरकार र बजेटको भविष्य पनि तय गर्ने देखिएको छ ।

## दुईलाख ...

« पृष्ठ १ बाट क्रमशः

अधिकांश अस्पतालका बेडहरू भरिभराउ भएका कारण जटिल अवस्थाका थप बिरामीको उपचार गर्न पनि कठिन देखिएको छ । त्यति मात्र होइन अक्सिजन र उपकरण अभावमा कारण बचाउन सकिने बिरामीले पनि मृत्युवरण गर्नुपर्ने बाध्यता रहेको चिकित्सकहरूको गुनासो छ । पछिल्लो समय संक्रमणदर स्थिरजस्तो देखिएको छ । तर, भाइरसको नयाँ-नयाँ भेरियन्ट देखा पर्दै गएको र यो पहिलेको भन्दा अझ बढी संक्रामक र घातक रहेको बताइएको छ । जसका कारण आगामी दिनहरू थप जटिल र जोखिमपूर्ण रहने अनुमान स्वास्थ्यविज्ञले गरिरहेका छन् ।

कोरोना संक्रमितमध्ये सामान्य अवस्थाका १० प्रतिशत संक्रमितलाई अक्सिजन चाहिन्छ । यस्तै, जटिल अवस्थामा पुगेमा सात प्रतिशत संक्रमित अक्सिजनको आवश्यकता पर्छ । र तीन प्रतिशत संक्रमितलाई आइसियु र भेन्टिलेटर आवश्यक पर्ने स्वास्थ्य मन्त्रालयको अनुमान छ ।

अहिले पनि अक्सिजन, हाई डिपेन्डेन्सी युनिट, आइसियु र भेन्टिलेटरमा उपचार गर्नुपर्ने बिरामीको बढ्दै गइरहेका छन् । संक्रमित संख्या बढेसँगै जेठ र असार महिनासम्म जटिल केस थप बढ्ने स्वास्थ्य मन्त्रालयले आँकलन गरेको छ । त्यसका लागि जेठमा एक लाख ९० हजार र असार महिनामा दुई लाख ३३ हजार सिलिण्डर चाहिने आँकलन गरिएको छ । यसरी अक्सिजनको माग बढ्दै गए पनि सरकारलाई दैनिक ६ हजार सिलिण्डर अक्सिजनको आपूर्ति गर्न हम्मेहम्मे भइरहेको छ । यी दुवै महिनामा गरी २८ करोड ७५ लाख ६ हजार ८३७ लिटर अक्सिजन आवश्यक पर्ने सरकारको अनुमान छ । तर, संक्रमित बिरामीलाई आवश्यकताको आधार सहजरूपमा उपलब्ध गराउन सकेको छैन ।

सरकारले जेठ महिनामा नयाँ संक्रमितको संख्या बढ्ने प्रक्षेपण गरेको छ । मन्त्रालयका अनुसार एक लाख सात हजार बढी नयाँ संक्रमित थपिने छन् । जसमध्ये अक्सिजन, हाइडिपेन्डेन्सी युनिट, आइसियु र भेन्टिलेटरमा गर्ने बिरामी थपिने सरकारको आँकलन छ । संक्रमितमध्ये ८० हजार ६ सय जनाको सामान्य अवस्था रहनेछ ।

१० हजार ७५ अर्थात् १० प्रतिशत अक्सिजनसहित अस्पतालमा उपचाररत रहने छन् । जटिल केसका सात हजार ५३ जना अर्थात् सात प्रतिशत एचडियु र तीन हजार २३ अर्थात् तीन प्रतिशत संक्रमित बिरामी आइसियु र भेन्टिलेटरमा उपचार गर्नुपर्ने अनुमान छ ।

यस्तै, असार महिनामा एक लाख २३ हजार बढी कोरोना संक्रमित हुने अनुमान गरिएको छ । जसमध्ये ८० प्रतिशत संक्रमित सामान्य अवस्थामा रहनेछन् । १० प्रतिशत अर्थात् १२ हजार ३२६ जनालाई अक्सिजन आवश्यकता पर्नेछ । सात प्रतिशत संक्रमित बिरामीलाई एचडियु चाहिने अनुमान गरिएको छ । र, तीन हजार ६ सय ९८ अर्थात् तीन प्रतिशतलाई आइसियु र भेन्टिलेटरमा उपचार गर्नुपर्ने अनुमान गरिएको छ । चिकित्सकका अनुसार जटिल अवस्थाका कोरोनाका बिरामीलाई प्रतिमिनेट १० लिटरका दरले अक्सिजन चाहिन्छ भने एकदिनमा १४ हजार लिटर अक्सिजन आवश्यक पर्दछ । यस्तै, एचडियुमा उपचाररत बिरामीलाई प्रतिदिन १२ हजार लिटर अक्सिजन चाहिन्छ । र अक्सिजनसहित उपचार गर्नुपर्ने बिरामीलाई प्रतिमिनेट चार लिटरका दरले अक्सिजन आवश्यक पर्छ । अस्पतालमा अक्सिजनसहित उपचार गर्ने बिरामीलाई प्रतिदिन ६ हजार लिटर चाहिन्छ । यद्यपि, कोरोना संक्रमित बिरामीलाई अक्सिजन प्रयोग विशेषज्ञको निगरानीमा मात्रै प्रयोग गर्नुपर्ने उपचारमा संलग्न चिकित्सकको भनाइ छ ।

## कोरोना ...

« पृष्ठ १ बाट क्रमशः

(३४ वटा) बि.१. ६१७.२ नयाँ भेरियन्ट र तीन प्रतिशतमा -एक वटा) बि.१. ६१७.१ पुष्टि भएसँगै नेपालमा कोभिड-१९ को तेस्रो भेरियन्ट रहेको पुष्टि भएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पनि मंगलबार एक विज्ञप्ति निकाल्दै नेपालमा तेस्रो भेरियन्ट रहेको बारे जानकारी गराइसकेको छ । यस सन्दर्भमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले तेस्रो भेरियन्ट यस अघि देखा परेको भेरियन्ट भन्दा ५० प्रतिशत बढी संक्रामक रहको जनाएको छ । इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा प्रमुख डा. कृष्ण पौडेलले सुरुमा बेलायतमा पत्ता लागेको भेरियन्ट भन्दा यो भेरियन्ट ४० देखि ५० प्रतिशत बढी संक्रामक रहेको बताउनुभयो । यो भेरियन्ट २० देखि ४४ वर्ष उमेर समूहमा उच्च संक्रमण रहेको पनि उहाँले जानकारी दिनुभयो । डा. पौडेलले हाल कोभिडविरुद्धमा लगाइरहेको कोभिशिल्ड खोपले तुलनात्मक रुपमा यस भेरियन्टको जटिलता कम गर्न र मृत्युदर कम गराउन प्रभावकारी हुने पनि बताउनुभयो । उहाँले सामाजिक दूरी कायम गर्ने, मास्कको प्रयोग गर्ने तथा सरसफाइलगायतका जनस्वास्थ्यको मापदण्ड पालना गरेर मात्रै कोभिड-१९ को तेस्रो भेरियन्टबाट बच्न सकिने भन्दै जनस्वास्थ्यको मापदण्ड कडाइका साथ पालना गर्नुपर्ने सुझाव दिनुभयो ।

## थप आठ ...

« पृष्ठ १ बाट क्रमशः

पिसिआर र एन्टीजेन परीक्षणमा आठ हजार १७३ जनामा संक्रमण पुष्टि भएको हो । मन्त्रालयका अनुसार सक्रिय संक्रमितको संख्या एक लाख १४ हजार ७१३ रहेको छ । यस्तै, थप सात हजार ९८९ जना संक्रमणमुक्त भएका छन् । योसँगै तीन लाख ६० हजार ४१३ जना संक्रमणमुक्त भएका छन् । संक्रमित हुने संख्या स्थिर देखिए पनि पछिल्लो पटक संक्रमणमुक्त हुनेको संख्या भने बढ्दै गएको छ । यस्तै, काठमाडौं उपत्यकामा दुई हजार ४८६ जना कोरोना संक्रमित थपिएका छन् । जसमध्ये भक्तपुरमा २२८, ललितपुरमा २७० र काठमाडौंमा एक हजार ९८८ जनामा संक्रमण पुष्टि भएको हो । कोरोना भाइरसको संक्रमणबाट थप २४६ जनाको मृत्यु भएको छ । योसँगै कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या पाँच हजार ६५७ पुगेको छ । मंगलबार आठ हजार २०३ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो भने १९६ को मृत्यु भएको थियो ।

## अक्सिजनको ...

« पृष्ठ १ बाट क्रमशः

सेन्टरहरू, सेमि पर्मानेन्ट टाइपका सात वटा प्रदेशमा सात ठाउँ र काठमाडौं उपत्यकामा एउटा एक/एक हजार क्षमताको निर्माण गर्ने कुराको औपचारिक प्रारम्भ भएको छ । त्यसको लागि अर्थ मन्त्रालयले बजेट छुट्याइसकेको छ । नेपाली सेनाले आठ ठाउँमै निर्माण कार्य प्रारम्भ गर्दैछ ।' उपप्रधानमन्त्री पोखरेलले सरकारले अक्सिजनको अभावलाई पूरा गर्नका निम्ति पहल गरिरहेको पनि बताउनुभयो । उहाँले भन्नुभयो, 'अक्सिजन प्लान्टहरूको अभावले गर्दाखेरी हाहाकार सिर्जना भएको छ । हामी त्यो अभावलाई पनि जति सकिन्छ चाँडो पुरा गर्न चाहान्छौं । यसका लागि सरकारले अरु सबै कुरालाई छोडेर जनताको उपचार गर्ने कुरा, संक्रमणबाट जनतालाई बचाउने, जनताको जीवनरक्षा गर्ने कुरा पहिलो प्राथमिकता हो । त्यसको लागि सरकारले जि टू जि वा बि टू बि लेभलबाट होस् । त्यो सबै खरिद गर्ने कुरामा पनि औपचारिक रूपले मन्त्रीपरिषद्ले निर्णय गरिसकेको र आवश्यक पहल र प्रयत्न प्रारम्भ गरेका छौं ।'

मन्त्री पोखरलेले कोभिडको संक्रमण मानवता र मानवीय सभ्यताविरुद्धको आक्रमण भएकाले यसका विरुद्धमा सबै मिलेर लड्नुपर्ने बताउनुभयो । उहाँले मारवाडी सेवा समितिले निःशुल्क आइसोलेसन सञ्चालन गरेर प्रशंसनीय कार्य गरेको भन्दै प्रशंसासमेत गर्नुभयो । मारवाडी सेवा समिति नेपालले ५१ बेडको निःशुल्क आइसोलेसन सेवा सञ्चालन गरेको छ । समितिले मित्रपार्कस्थित नेपाल भारतमैत्री अस्पतालसँगको सहकार्य र व्यवस्थापनमा पशुपति गौशाला धर्मशालामा अक्सिजनसहितको ५१ बेडको निःशुल्क आइसोलेसन सेवा सञ्चालन गरेको हो । आइसोलेसनमा बिरामीहरूको ल्याब परीक्षण, अक्सिजन, खाना, बस्न तथा चिकित्सक र नर्सहरूको सेवा निःशुल्क उपलब्ध गराईने जनाइएको छ । कोभिड संक्रमितलाई आइसोलेसन सेन्टरकै सवारी साधनबाट ल्याउने, पुऱ्याउने सुविधा रहेको पनि मारवाडी सेवा समिति नेपालका अध्यक्ष कैलाशचन्द्र गोयलले बताउनुभयो । आवश्यक परे आइसोलेसन सेवालाई ३०० बेड सम्मको बनाउन सकिने पनि उहाँले बताउनुभयो । सो आइसोलेसनको सेवा लिनका लागि ९८०१०७१२११ र ९८०१९६७७०६ मा सम्पर्क गर्न अनुरोध गरिएको छ । मारवाडी सेवा समितिले यस अघि पनि प्राकृतिक विपत्ति तथा महामारीमा विभिन्न प्रकारका सामाजिक कार्यहरू गर्दै आएको छ ।

## विशाल ...

« पृष्ठ १ बाट क्रमशः

अत्यावश्यक विद्युत् सेवा निर्बाध नेपाली जनतामा पुऱ्याउनुको सट्टा आफ्नो निहित स्वार्थ पूर्ति गर्न विभिन्न समयमा जलमाफियाहरूको प्रभावमा परी नीति निर्माताहरूले नेपाल विद्युत् प्राधिकरणलाई विखण्डन गर्न पटक-पटक गरेका प्रयास असफल बनाएको सर्वविदितै छ ।' पत्रमा अगाडि भनिएको छ, 'प्राधिकरणको नगण्य सहभागिता रहने गरी विद्युत्को व्यापार गर्न निजी क्षेत्र हावी हुने स्थापना हुने कम्पनीहरू मार्फत विद्युत् व्यापार प्रक्रिया अगाडि बढाउँदा नेपाल विद्युत् प्राधिकरणलाई मात्र नभई देशकै समग्र ऊर्जा क्षेत्रलाई थप अनिश्चिततातर्फ धकेल्ने निश्चित भएकोले यसरी छुट्टै कम्पनी गठनको प्रक्रिया अगाडि बढेको भनी विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । तसर्थ, हामी नेपाल विद्युत् प्राधिकरणलाई यस्ता कुनै पनि गतिविधिहरूमा सहभागि नहुन/नगराउन सम्बद्ध पक्षहरूसँग जोडदार माग गर्दछौं । साथै संस्थासँग सम्बन्धित यस्ता गम्भीर विषयहरूमा क्रियाशील ट्रेड युनियनहरू लगायतका सरोकार निकायहरूसँग छलफलै नगरी अघि बढाइएमा कठोर कदम चाल्न बाध्य हुने व्यहोरासमेत जानकारीका लागि अनुरोध गर्दछौं ।' ध्यानाकर्षण पत्रमा प्राधिकरणको 'कर्पोरेट डेभलपमेन्ट प्लान' (संस्थागत विकास योजना) सञ्चालक समितिबाट पारित भइसकेको र आफ्नै सहायक कम्पनीको रूपमा 'नेपाल विद्युत् व्यापार कम्पनी' गठन गरिसकेको अवस्थामा त्यसलाई क्रियाशील गराउनुपर्नेमा प्राधिकरणको नगण्य सहभागिता रहने गरी विद्युत् व्यापार गर्न निजी क्षेत्र हावी हुने गरी स्थापना हुने कम्पनीमार्फत अघि बढाउँदा समग्र ऊर्जा क्षेत्रलाई थप अनिश्चिततार्फ धकेल्ने उल्लेख छ ।

विशाल ग्रुप प्रमुख लगानी रहेको नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड (निफ्रा) को अगुवाइमा छुट्टै विद्युत् व्यापार कम्पनी गठन निम्ति ऊर्जा मन्त्रालयले 'प्रक्रिया सुरु' गरी अर्थ मन्त्रालयमा सहमतिका लागि पठाएको समाचार हिमालय टाइम्सले बुधबार प्रकाशित गरेको थियो ।

मन्त्रिपरिषद्बाट पारित भएपछि पटक-पटक विवादित विशाल ग्रुपको यो कम्पनीमा नेपाल विद्युत् प्राधिकरणको पनि सहभागिता हुनेछ । प्राधिकरणलाई १० प्रतिशत शेयर दिएर उसको सबै संरचना उपयोग गर्ने रणनीतिअन्तर्गत उसलाई साझेदार बनाइएको हो । प्राधिकरणकै शेयर रहने गरी सरकारले विशाल ग्रुपलाई लाभ पुग्ने गरी विद्युत् व्यापार गर्न दिन लागेको प्राधिकरणकै कर्मचारीहरू बताउँछन् । नेपाल विद्युत् प्राधिकरणको विद्युत् व्यापार खोसी विशाल ग्रुपलाई दिएमा प्राधिकरण कर्मचारी संघले आन्दोलन गर्ने चेतावनी पनि दिएका छन् ।

सिंजा गाँउपालिका
गाँउ कार्यापालिकाको कार्यालय
नराकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल

वोल पत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०७८/०२/०६

यस कार्यालयबाट मिति २०७७/१२/३१ मा प्रकाशित सूचना अनुसार तपशिलको योजना निर्माणका लागि रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही निम्न बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|---|
| 1 | SRM/NCB/WORKS/01/2077/078 | Bistabada to Bunwo Road construction work | Malika Construction form Chandannath-9, Micha, Jumla | 3669595.44 NPR | |

प्रमुख प्रशासकीय अधिकृत

Sundarbazar Municipality
Office of the Municipal Executive
Sundarbazar,Lamjung
Gandaki Province, Nepal

Invitation for Bids

Contract Identification No: SUPPLY/SM/SQ/CA/12/077/078
Date of publication: 19 May, 2021

| S. N. | Contract Identification No. | Description of Works | Estimated Amount NRs (With VAT) | Bid Security Amount NRs | Bid Document Cost NRs |
|---|---|---|---|---|---|
| 1 | SUPPLY/SM/SQ/CA/12/077/078 | Supply, Delivery and Installation of CCTV and it's accessories | 19,99,950/- | 50,000/- | 1000/- |

For Details Please visit PPMO's Web Site: www.bolpatra.gov.np./egp

Chief Administrative Officer

## मौन ...

« पृष्ठ १ बाट क्रमशः

भोट माग्न पुग्नुभएको थियो ।

मौन अवधिमा सामाजिक सञ्जालमार्फत मत माग्न र समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न नपाइने निर्वाचन आयोगको आचारसंहितामा उल्लेख छ ।

आयोगले विज्ञप्ति निकालेरै यसबारेमा प्रष्ट्याउँदै भनेको छ, 'यस अवधिमा निर्वाचन प्रचार-प्रसार गर्न र मत माग्न नहुने, मौन अवधि सुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको ३०० मिटर वरिपरि राखिएका आ-आफ्ना निर्वाचन चिन्ह तथा प्रचार-प्रसारका सामग्री हटाएको हुनुपर्ने, एसएमएस, फेसबुक, भाइबरजस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालमार्फत मत माग्न र निर्वाचन प्रचार-प्रसार गर्न नहुने, उमेदवार वा राजनीतिक दलको प्रचार-प्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण गर्न नहुने भएको हुँदा उल्लेखित आचरणहरू पालना गर्न/गराउनका लागि आयोग सबैसँग हार्दिक अनुरोध गर्दछ ।'

त्यसो त निर्वाचन आचारसंहिता लागू भइसकेपछि एमालेका उमेदवार बादल मन्त्री नियुक्त हुनुभएको थियो । उहाँले वैशाख ३१ गते मन्त्री पदको शपथ लिनुभएको थियो । उहाँले पनि आचारसंहिताको पालना गर्नुभएन ।

## निर्वाचन ...

« पृष्ठ १ बाट क्रमशः

ध्यानाकर्षण भएको छ' प्रवक्ता राजकुमार श्रेष्ठले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

बागमती प्रदेशमा हुने राष्ट्रियसभा उपनिर्वाचनका लागि जेठ ३ गते राति १२ बजेदेखि मौन अवधि सुरु भइसकेको छ । निर्वाचन आचार संहिताअनुसार मौन अवधिमा उम्मेदवारको पक्षमा मत माग्नु आचारसंहिताविपरीत हुन्छ । आयोगले आचारसंहिताविपरीतका क्रियाकलापले निर्वाचनको स्वच्छता र विश्वसनीयताप्रति नै आघात पार्ने बताएको छ ।

'अतः निर्वाचन आचार संहिताविपरीतका कार्य गर्ने व्यक्ति वा संस्थालाई आयोगले कानुनबमोजिम कारबाही गर्न सक्ने कुरा प्रष्ट गर्दै यसरी आचारसंहिताविपरीत कार्य गर्नेको अभिलेख राख्ने व्यहोरासमेत जानकारी गराइन्छ' विज्ञप्तिमा भनिएको छ ।

निर्वाचनको सिलसिलामा राजनीतिक दल, सार्वजनिक निकाय तथा सञ्चार माध्यम लगायतले पालना गर्नुपर्ने आचारसंहितासमेत लागू भइसकेको सन्दर्भमा आचारसंहिताविपरीतका क्रियाकलापले निर्वाचनको स्वच्छता र विश्वसनीयताप्रति नै आघात पार्ने आयोगको भनाइ छ । आयोगले निर्वाचन आचारसंहिता कानुनी आधार र नैतिक बन्धन पनि भएकोले पालना गरिदिन आग्रह गरेको छ ।